
# सुर्मा गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## दौलिचौर, बझाङ



# आगामी आर्थिक वर्ष २०८१/०८२ को
# नीति, कार्यक्रम तथा वजेट

CamScanner

अध्यक्ष महोदय,
सम्पूर्ण गाउँसभा सदस्य ज्यूहरु,
प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत सम्पूर्ण कर्मचारीहरु, पत्रकार मित्र, सुरक्षाकर्मी तथा उपस्थित अन्य महानुभावहरुमा मेरो नमस्कार

- ❖ सुर्मा गाउँपालिकाको तर्फबाट यस गरिमामय १५ औं गाउँसभा समक्ष आगामी आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम बजेट प्रस्तुत गर्न पाउँदा म अत्यन्तै गौरवान्वित भएकी छु । मुलुकको शासन प्रणाली र समाजको अग्रगामी रुपान्तरणका लागि भएका ऐतिहासिक जनआन्दोलन तथा सशस्त्र संघर्ष लगायतका विभिन्न आन्दोलनका क्रममा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण प्राप्त: स्मरणीय ज्ञात-अज्ञात सहिदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । घाइते तथा वेपत्ता नागरिकहरुलाई उच्च सम्मान प्रकट गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि अग्रपङ्क्तिमा रहेर नेतृत्व गर्नुहुने, नेतृत्व गर्ने एवं सम्पूर्ण देशभक्त नागरिकले राष्ट्रनिर्माणमा पुर्‍याएको योगदानलाई आदर पूर्वक स्मरण गर्न चाहन्छु ।
- ❖ स्थानीय सरकार गठन पश्चात दुई वर्ष पार गरी तेस्रो वर्षको शुभारम्भमा हामी छौ । यस सँगै सुर्मा गाउँपालिकाको चालु वर्षको नीतिगत प्राथमिकता र वार्षिक बजेट तथा कार्यक्रम द्वारा निर्दिष्ट लक्ष्यहरु समयमै पूरा हुने कुरामा विश्वास लिएको छु ।
- ❖ नेपालको सुदुरपश्चिम प्रदेश उच्च हिमाली जिल्ला वझाङ्गमा पर्ने साविकको दौलिचौर गा.वि.स. र सुर्मा गा.वि.स मिलि वनेको सुर्मा देवीको नामबाट नामाकरण यस सुर्मा गाउँपालिकाको पुर्वमा तल्कोट गाउँपालिका, पश्चिममा वुँगल नगरपालिका, उत्तरमा साईपाल गाउँपालिका र दक्षिणमा जयपृथ्वी नगरपालिका र छविसपाथिभेरा गाउँपालिकाले घेरिएको अत्यन्तै सुन्दर र मनोहर रमणीय श्री सुर्मा देवीमाताको पावन क्षेत्रमा यो सुर्मा गाउँपालिका रहेको छ । यस सुर्मा गाउँपालिकालाई प्रशासनिक रुपमा ५ वडामा विभाजन गरिएको छ । यस गाउँपालिकाको कुल क्षेत्रफल २७०.८० वर्ग किलोमिटरमा फैलिएको छ । पालिकाको कुल जम्मा घरधुरी १६०१ र जनसंख्या ११४५१ रहेकोमा महिला ५९५९ र पुरुष ५४९२ रहेको छ । पर्वतारोहण, मनोरम दृश्यावलोकन पर्यटकिय क्षेत्र अवलोकन भ्रमण र जडिबुटी संकलनका दृष्टिकोणबाट महत्वपुर्ण सम्भावना वोकेका चाँदेशिखर हिमाल, जलजला पाटन जस्ता आदि रमणिय ठाउँहरु रहेका छन ।
- ❖ अध्यक्ष महोदय,

  अव म यस सुर्मा गाउँपालिकाको चालु आ.व. २०८०/०८१ को नीति तथा कार्यकमको समीक्षा गर्ने अनुमती चाहान्छु ।

  चालु आ.व. २०८०/०८१ मा वित्तिय समानिकरण अनुदान नेपाल सरकार बाट रु ५ करोड ३८ लाख ३ हजार ८ सय ६० रुपैयाँ मात्र र प्रदेश सरकार मार्फत रुकम रु ४१ लाख ८८ हजार ६ सय ९७ रुपैया मात्र, नेपाल सरकारवाट प्राप्त राजश्व वाँडफाँडबाट ४ करोड ६२ लाख ५ हजार पाँच सय त्रिरासी रुपैयाँ मात्र, आन्तरिक राजश्व अनुमानित १२ लाख ४९ हजार रुपैया मात्र, र शसर्त अनुदान शिक्षा, स्वास्थ्य, कृषि र भेटेनरि तर्फ ९ करोड ६३ लाख ६३ हजार ८ सय ८० रुपैयाँ मात्र रहेको थियो ।
- ❖ यस सुर्मा गाउँपालिकाको मुख्य पेशा कृषि भएको कारण कृषिको विकास विना गाउँको विकास सम्भव नभएको हुँदा कृषि क्षेत्रमा बढि महत्व दिई खाद्यान्न उत्तपादन, व्यवसायिक फलफुलखेती अर्न्तगत एक घर एक करेशावारी, व्यवसायिक तरकारी खेती अर्न्तगत एक घर एक करेशावारी

खड्क बहादुर बोहरा
गाउँपालिका अध्यक्ष

संञ्चालन गरी उन्नत जातको स्याउ, दाँते ओखर, किवी, कागती, अमिलो जातको वोट वितरण गरिएको, उन्नत तरकारीको विउ वेर्ना वितरण गरिएको मौसमी, वेमौसमी तरकारी खेती गर्न क्षमता अभिवृद्धि गरिएको र हजार दिनका महिलालाई किवीका वोट वितरण गरिएको छ । साथै साना सिचाई पोखरी निर्माण गरी व्यवसायिक रुपमा मौसमी, वेमौसमी तरकारी खेती गरि कृषकलाई तरकारी खेतीमा आत्मनिर्भर गराउने अपेक्षा राखिएको छ ।

- यस पालिका भरी कृषि सम्बन्धी सम्पुर्ण कार्यमा काम गर्न संघ संस्था लगायत अन्य निकाय सँग अनुरोध र साझेदारी नीतिको अवलम्न गरिएको थियो ।
- पशु सेवा अर्न्तगत पशुको नश्लसुधार कार्यक्रम, कृषकलाई कुखुराको चल्ला वितरण तथा तालिम संचालन, उन्नत नश्ल सुधारको लागि कृतिम गर्भाधान सुचारु गर्न आवश्यक पर्ने तरल नाईट्रोजन भण्डार तथा वितरण गरिएको पशुपंक्षीमा लागेमा औषधी वितरण आदि कार्यक्रम संचालन गरिएको छ ।
- शिक्षा क्षेत्रमा विकासका लागि विद्यालय क्षेत्र विकास कार्यक्रम अर्न्तगत विद्यालयको मर्मत सुधार अर्न्तगत विद्यालयको भवन निर्माण कार्यक्रम, सामुदायिक सिकाई केन्द्रको व्यवस्थापन, विद्यालय व्यवस्थापन क्षमता अभिवृद्धि कार्यक्रम विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम, विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम योजना सञ्चालन गरी खेलकुद विकासमा जोड दिईएको छ ।
- स्वास्थ्य विकास तर्फ यस आ.व. ०८०/०८१ मा परिवार नियोजन सम्बन्धी कार्यक्रमहरु संचालन गरिएको, कुपोषण न्युनिकरण गर्न कार्यक्रम संचालन भएको, सुरक्षित मातृत्व सम्बन्धी गतिविधि संचालन गरिएको राष्ट्रिय दादुरा रुवेला कार्यक्रम र नियमित खोप कार्यक्रमलाई प्रभावकारी ढंगले अगाडी बढाई खोप केन्द्र विस्तार गरि पुर्ण खोपको सुनिश्चिता गरिएको छ । उपचारका लागि अस्पताल ल्याउने लैजान दौलिचौर स्वास्थ्य चौकिको नाममा हालसालै प्राप्त नेपाल सरकारको राजश्व भन्सार छुट र यस पालिकाको लगानीमा एम्वुलेन्स प्राप्त भएको छ । सो प्रक्रियामा सहयोग गर्ने स्थानिय सरकार, प्रदेश सरकार र संघ सरकार लगायत सहयोगी हातहरुमा पालिका हार्दिक धन्यवाद व्यक्त गर्नुका साथै विषेश गरी सुर्मा वासीलाई प्राथमिकताका आधारमा सेवा सुविधा दिईने छ भने अन्य पालिकाका दुखी विरामीहरुलाई पनि एम्वुलेन्स सेवा उपलब्ध गराईनेछ ।पालिकामा आयआर्जनका लागि गुणस्तरीय स्वास्थ्य शिक्षा सम्बन्धी विभिन्न जनचेतना मुलक कार्यक्रम संचालन गरिएको छ ।

Sinja Rural Municipality
Office of the rural municipal executive
Daulichaur, Bajhang
Sudurpaschim Province, Nepal

अध्यक्ष महोदय,

अब म आगामी आ.व. २०८१।०८२ को नीति तथा कार्यक्रम पेश गर्न गइरहेको छु।

## ❖ कृषि तथा पशुपक्षी सम्बन्धी नीति तथा कार्यक्रम

- रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि रैथाने दाल, दलहन ओखर, ढटेलो, तोरी खेतीको व्यावसायिक रुपमा खेती तथा परिकार उत्पादन गर्ने कृषक तथा साना उद्यमीलाई उद्यमशीलतामा लागत अनुमानका आधारमा अनुदान तथा मेशेनरी औजार उपलब्ध गराईनेछ।
- रैथाने वालीमा आत्मनिर्भरताका लागि पालिका भरि अभियानका रुपमा **शुद्ध, स्वस्थ खाऔं, रैथाने वाली लगाऔं** नारालाई निरन्तरता दिईनेछ।
- उच्च मुल्यका फलफुल, तरकारी तथा अन्न वालीहरुको पकेट क्षेत्रहरुको थप पहिचान गरि सघन कृषि क्षेत्र निर्धारण गरि उक्त स्थानहरुमा व्यावसायिक कृषि कार्यक्रम सञ्चालन गरिने छ।
- कृषि उपजको आयात प्रतिस्थापनको नीति ल्याइ कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यावसायिकरण गरिनेछ।
- उत्पादन लागत, थोक तथा खुद्रा मुल्य विश्लेषण गर्दै मुख्य कृषि उपजको समर्थक मुल्य निर्धारण गरिनुका साथै पालिका भित्रका कृषकहरुको खण्डिकृत, वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ।
- व्यावसायिक कृषि तथा पशुपालनका लागि तालिम, प्रविधि र लगानीको व्यवस्था सहितको नमुना कार्यक्रम सञ्चालन गरी प्रोत्साहन गरिनेछ।
- व्यावसायिक कृषि पकेट क्षेत्रमा सिचाई, कृषि सडक, विद्युतीकरण कृषि बजार, संकलन केन्द्र तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ।
- कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भरताको लागि उद्यमशीलताको प्रर्वधन गर्न उन्नत विउविजन, किटनाशक विषादी, यान्त्रीक उपकरणको व्यवस्था गरिनेछ।
- परम्परागत रुपमा गरिने रैथाने बाली चिनो, कागुनो, फापर, जौ, कोदो जस्ता खेती को विस्तारमा जोडको लागि पालिका भरिका कृषकले उत्पादन गरेको रैथाने अन्नबाली प्रोत्साहन स्वरुप स्थानीय सरकारको आर्थिक सहयोगमा स्थानीय स्तरमै स्थानीय उत्पादन खरिद विक्रि केन्द्र सञ्चालनमा ल्याइनेछ।
- पशुपालक कृषकहरुलाई हिउँदे तथा वर्षे घाँस लगाउन उत्प्रेरित गरी दुग्ध र मासु जन्य उत्पादनमा निरन्तरता दिइनेछ।
- माहुरीपालनलाई निरन्तर प्राथमिकतामा राखी यसलाई व्यावसायिकरण गर्न आवश्यक प्रबन्ध मिलाईनेछ।
- संस्थागत रुपमा समुह गठन गरि कुखुरापालन, माछापालन, उन्नतजातका बाखापालन गर्नमा जोड दिइनेछ र पशु विमा कार्यक्रम सञ्चालन गरिनेछ।

लाडक बहादुर बोहरा
गाउँपालिका उपाध्यक्ष

Surma Rural Municipality
Office of the rural municipal executive
Daulichaur, Bajhang
Sudurpashchim Province, Nepal

- सम्पुर्ण वेडाहरुमा मौसम अनुसारको पकेट क्षेत्र घोषणा गरि अन्नवाली, दलहनवाली, फलफुल खेती तथा तरकारी खेतीमा निरन्तरता दिईनेछ ।
- एक वडा एक कृषि उत्पादनको कार्यक्रमलाई थप निरन्तरता दिइनेछ ।
- कृषि सम्बन्धी माटो परीक्षण गरी किवी खेती, अल्मण्ड(बदाम), किमु, रेडचिल्ली, मौसमी, कुलम( प्लम) जस्ता फलफुल खेतीमा प्राथमिकता दिइनेछ ।
- आलु खेतीका साथै डल्ले चोतो, पिडालू उत्पादनमा वृद्धि गरि सिन्की अचारका परिकारलाई बस्ती बस्तीमा उत्पादन गर्न जोड दिइनेछ ।
- खेर गइरहेको घरेलु बाको, लेकाली बाको र लेकमा पाइने अन्य साग तरकारीका परिकारहरुलाई समुहगत उत्पादन गर्ने नीति अगाढी बढाइनेछ ।
- जङ्गली तथा घरेलु च्याउलाई व्यावसायिकरण गर्न आवश्यक प्रबन्ध मिलाईनेछ ।
- पशु स्वास्थ्य सेवामा आइपर्ने सम्पूर्ण समस्याको समाधानको लागि पशु स्वास्थ्य सेवा तथा उपचारको व्यवस्था थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- आधारभूत बाखापालन कृषक समूहहरुलाई आधुनिक तरिकाले खोर निर्माण सम्बन्धी तालिमको व्यवस्था गरिनेछ । .
- कृत्रिम गर्भाधानको सेवा विस्तारलाई निरन्तरता दिईनेछ ।
- खाद्य सम्प्रभुता र खाद्य सुरक्षाको सुनिश्चिततामा जोड दिईनेछ ।
- यस पालिका भरी कृषि सम्बन्धी सम्पुर्ण कार्यमा काम गर्न संघ संस्था लगायत अन्य सरोकार निकाय सँग अनुरोध र साझेदारी नीतिको अवलम्वन गरिनेछ ।

❖ **स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

- सबै नागरिकलाई आधारभूत स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गरि नेपाल सरकाले तोकिएबमोजिमको निशुल्क स्वास्थ्य सेवाको सुनिश्चितता गरिनेछ ।
- स्वास्थ्यमा सर्वव्यापी पहुँचको अवधारणा अनुरुप प्रर्वधनात्मक, निरोधात्मक र उपचारात्मक स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन उचित नीत नियमको अवलम्बन गरिनेछ ।
- स्वास्थ्य सेवालाई सर्वसुलभ प्रभावकारी तथा गुणस्तरीय बनाउन स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र , सामुदायिक स्वास्थ्य केन्द्र र वर्थिङ सेन्टरको सेवा थप विस्तार र स्तरोन्ती गरिनेछ।
- गुणस्तरीय औषधी, उपकरण, स्वास्थ्य शिक्षा (यौन शिक्षा, प्रजनन शिक्षा), सामग्रीको उचित आपुर्ति तथा भण्डारणको व्यवस्था, वितरण एवं समुचित प्रयोग सुनिश्चित गरिनेछ ।
- सुर्मा गाउँपालिका भरिका सम्पूर्ण जनसमुदायलाई थप आयुर्वेदिक औषधीबाट उपचारका लागि सुर्मा आयुर्वेदिक औषधालय केन्द्र सञ्चालनका लागि जिल्ला, प्रदेश र संघ आयुवेर्दिकमा माग गरि यसै आ.व. देखि सेवा सुचारु गरिनेछ ।

लाडक बहादुर बोहरा
गाउँपालिका उपाध्यक्ष

Surma Rural Municipality
Office of the rural municipal executive
Daulichaur, Bajhang

- स्वास्थ्य सेवा प्रभावकारी, गुणस्तरीय सेवा प्रवाहका लागि आवश्यक जनशक्ति थप गरि क्षमता अभिवृद्धि गरिनेछ ।
- सर्ने, नसर्ने रोग, किटजन्य रोग, पशुपक्षींजन्य रोग, वातावरण प्रदुषण, जलवायु परिवर्तन हुने कारक तत्वलाई न्यूनिकरण गर्न उचित उपायहरु अवलम्बन गरिनेछ ।
- पोषणको अवस्थालाई सुधार गर्न मिसावटयुक्त तयारी खाना तथा हानिकारक खानालाई निरुत्साहित गर्दै गुणस्तरीय एवं स्वास्थ्य वर्दक खाद्यपदार्थको प्रवर्धन उत्पादन, प्रयोग र पहुँचलाई विस्तार गरिनेछ ।
- खाद्यपदार्थको गुणस्तर अनुगमन तथा नियमनलाई प्रभावकारी तुल्याईनेछ ।
- महामारी तथा प्रकोपजन्य रोगबाट हुने विपद्को न्युनीकरणका तथा व्यवस्थापनको लागि आवश्यक औजार तथा उपकरण उपलब्ध गराईनेछ साथै विपद् व्यवस्थापन लागि आवश्यका कोष खडा गरिनेछ ।
- पूर्ण सरसफाईयुक्त पालिका घोषणामा निरन्तरता दिईनेछ ।
- धुम्रपान तथा मद्यपानजन्य पदार्थको ओसार पसार र उत्पादनमा रोक लगाई त्यसको प्रयोगले हुने असरबारे जनचेतनामुलक कार्यक्रम सञ्चालन गरि प्रयोगमा न्युनिकरण गर्दै निषेध को नीति अवलम्बन गरिनेछ ।
- गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच वृद्धि र सुनिश्चितताको लागि विषेशज्ञ शिविर सञ्चालन गरिनेछ।
- जनसंख्या नियन्त्रण र जन्मान्तरको लागि आवश्यक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- महिला स्वास्थ्य स्वंयमसेविकाहरुको क्षमता अभिवृद्धि गरि सेवा प्रभावकारी बनाईने नितिलाई निरन्तरता दिईनेछ ।
- स्वास्थ्य आमा समुहको क्षमता अभिवृद्धि तथा सुदृढीकरण गरिनेछ ।
- बहुक्षेत्रिय पोषण योजनालाई एकीकृत रुपमा प्रभावकारी कार्यान्वयनलाई निरन्तरता दिईनेछ ।
- जेष्ठ नागरिक, असहाय, अपाङ्गताको उपचारमा सहज पुर्‍याउन घरदैलो घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
- सबै नागरिकहरुमा स्वास्थ्य विमा कार्डको पहुँचको लागि आवश्यक प्रबन्ध मिलाईनेछ ।
- सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ्य परीक्षण गर्ने व्यवस्थालाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- पालिकामा क्षयरोग मुक्त अभियान सञ्चालन गरि क्षयरोग मुक्त पालिका घोषणा गरिनेछ ।
- सुर्मा गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतीको संरक्षण गरी व्यावसायिक रुपमा प्रर्वधन र प्रशोधन कार्य सञ्चालन गरिनेछ ।
- सुरक्षित मातृत्व सेवा थप प्रभावकारी बनाउन आवश्यक व्यवस्था मिलाईनेछ ।
- स्वास्थ्य सेवालाई थप प्रविधिमैत्री बनाउन आवश्यक व्यवस्था गरिनेछ ।

Surma Rural Municipality
Office of the rural municipal executive
Jhuliphaur, Bajhang
Sudurpashchim Province, Nepal

खड्क बहादुर बोहरा
गाउँपालिका अध्यक्ष

## ❖ शिक्षा, युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम

- जीवन उपयोगी आधुनिक व्यावसायिक प्रविधीयुक्त शिक्षामा जोड दिई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गरिनेछ ।
- सामुदायिक विद्यालयहरुका शिक्षकहरुलाई पेशाप्रति जिम्मेवार बनाई गुण र दोषका आधारमा प्रोत्साहन र दण्ड गरिनेछ ।
- विद्यालयहरुमा विद्यार्थी अनुपातका आधारमा दरबन्दी मिलान गरि शिक्षकहरुको व्यवस्थापनलाई प्राथमिकतामा राखिनेछ ।
- सामुदायिक विद्यालयमा अध्ययनरत सम्पुर्ण किशोरी अवस्थाका छात्राहरुलाई सेनेटरी प्याड वितरण लाई निरन्तरता दिईनेछ ।
- पालिका भरिका निजी तथा करारमा कार्यरत शिक्षक तथा शिक्षिकाहरुको पारिश्रमिकतामा एकरुपता ल्याई अध्ययन अनुमती प्रमाण पत्रको अनिवार्यता गरिनेछ ।
- गाउँ शिक्षा योजना र शैक्षिक कार्य पात्रो निर्माण गरि कार्यान्वयनमा ल्याईनेछ ।
- वि.व्य.स., शि.अ.स. र अन्य सरोकारवालाहरुको क्षमता अभिवृद्धि गरी सुशान र पारदर्शिता कायम गरिनेछ ।
- बिचैमा विद्यालय छाड्ने प्रवृतिलाई निरुत्साहित गर्न जनचेतनामुलक कार्यक्रम सञ्चालनमा ल्याईनेछ र त्यस किसिमका बालबालिकालाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहन स्वरुप विशेष प्याकेजको व्यवस्था गरिनेछ ।
- सम्पुर्ण विद्यालयहरुलाई **ICT** मैत्री तथा प्रविधिमैत्री बनाईनेछ ।
- एक वडा एक नमुना विद्यायलयलाई निरन्तरता दिईनेछ ।
- खेलकुद क्षेत्रको विकासलाई अभिवृद्धि गर्न पालिकास्तरीय अध्यक्ष कप र वडा स्तरीय वडा अध्यक्ष कप कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- खेलकुद विकासलाई अभिवृद्धि गर्न पालिका क्षेत्र भित्र बहुउद्धेश्यीय खेलकुद मैदानको निर्माण कार्यमा जोड दिई खेलकुदमा हुने लैगिंक विभेदलाई अन्त्य गरिनेछ ।
- प्रौढ कक्षा, वैकल्पिक शिक्षा र साक्षर कक्षा सञ्चालनको लागि सरकारी निजी क्षेत्र सँग सहकार्य गरि पूर्ण साक्षर पालिका घोषणा गरिनेछ ।
- सरकारी, सामुदायिक विद्यालयमा घट्दो विद्यार्थी भर्नादरलाई निरुत्साहित गर्न आवश्यक प्रबन्ध मिलाईनेछ ।
- युवावर्गलाई स्वरोजगार बनाउन शिपमुलक तालिम र प्राविधिक शिक्षा को सुरुवात गरिनेछ ।
- शैक्षिक क्षेत्रमा देखिएका समस्याको समाधानको लागि अध्यक्ष सँग विद्यार्थी कार्यक्रम सञ्चालन गरिनेछ ।

खड्क बहादुर बोहरा
गाउँपालिका अध्यक्ष

- लागु औषध, दुर्व्यसन तथा कुलतबाट युवाहरुलाई जोगाउन सचेततामुलक कार्यक्रम सञ्चालन गरि यूवाहरुमा सकारात्मक सोच र संस्कृतिको विकास गरिनेछ।
- विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभूत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको व्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।
- विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गमैत्री संरचना निर्माण गरिनेछ।
- नेपाल सरकार, विश्व खाद्य कार्यक्रम र अन्य साझेदार संघ संस्थाहरुबाट सञ्चालित आधारभूत तह पढाई कार्यक्रम, स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रम, विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
- विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न अभिभावक भेला, वि.व्य.स., शिक्षक अभिभावक संघ, शिक्षक घुम्ती बैठक, विद्यालय पढाईमेला, पालिकास्तरीय पढाईमेला जस्ता कार्यक्रम बनाई लागु गरिनेछ।
- युवा उद्यमशीलता विकाका कार्यक्रम मार्फत **युवालाई विदेश हैन, विजनेश** भन्ने भावना जागरुक तुल्याई स्वरोजगार उन्मुख गराईनेछ।
- युवा वेरोजगारी न्युनीकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा शिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ।
- आर्थिक रुपले विपन्न, गरिब र सुकुम्बासी परिवारका युवाहरुलाई ईलेक्टोनिक सामग्री मर्मत, पलम्विङ तथा ईलेक्टिसियन, ब्युटीपार्लर, सिलाईकटाई, **Handicraft** जस्ता सीप विकासमा जोड दिइने छ।
- लैङ्गिक विभेदको अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम सञ्चालन गरिनेछ।
- हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान अभियान सञ्चालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति ल्याईनेछ साथै पारिवारिक हिंसाद्वारा पीडितको संरक्षणको लागि कार्यक्रम सञ्चालन गरिनेछ।

### ❖ वन वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

- विगत देखि यस पालिकाको आयश्रोतको रुपमा रहेको हिमाली यार्चा तथा जडिबुटीमा निर्भर भई पुर्ख्यौली खेतीपाती बाझोमा परिणत भएको यथार्थलाई मध्यनजर गर्दै जोखिम पहाड हिमालको यात्राबाट ठुलो धनजनको क्षति, धेरै जनाको अकालमै मृत्यु, समेत हुने गरेकोले त्यस्ता दुखद घटना समेत नदोहिरिन दिन स्थानीयस्तरमै स्वरोजगारका कार्यक्रम अगाढी बढाईनेछन्।
- खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालीन र दीर्घकालीन समाधानका लागि सम्भाव्य स्रोतहरुको खोजी तथा योजना तयार गरी खानेपानी निर्माण तथा वितरणको व्यवस्था मिलाईनेछ।

CamScanner

- जलाधार संरक्षण कार्यक्रम सञ्चालन गरि गाउँपालिका भित्र रहेका भुमिगत पानीका मुहानहरु, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्धन गर्ने गरि स्रोतहरुबाट खानेपानी आपुर्तिको प्रवर्धन मिलाईने छ ।
- गाउँपालिकाको मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजी गरी सार्वजनिक शौचालयहरुको निर्माण तथा सञ्चालन लाई अभियानका रुपमा अगाढी बढाईनेछ ।
- प्राकृतिक प्रकोप तथा विपद् जोखिम न्यूनिकरण गर्न जनचेतना मुलक कार्यक्रम संचालन तथा प्रत्येक वडामा उद्धार समिति गठन गरी संचालनमा ल्याइनेछ ।
- पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुको वातावरणमा पर्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणीय परीक्षण **IEE** र वातावरणीय प्रभाव मुल्याङ्कन **EIA** गरिने छ ।
- खाली जमिनमा वृक्षारोपण, हरियाली प्रर्वधन तथा वनको संरक्षण र हैसियत सुधार गरि जल, जमिन तथा वातावरणको संरक्षण र जिविकोपार्जनको अवसरमा वृद्धि गरिनेछ ।
- भू सूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्साकंन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनिकरण योजना तयार गरिनेछ ।
- विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन तथा जलवायु उत्थानशिल योजना तर्जुमा गरि सो अनुसार विपद् पूर्व तयारी, विपद् न्युनिकरण, प्रतिकार्यलाई व्यवस्थित र प्रभावकारी बनाईनेछ ।
- ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक स्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ ।
- भुकम्पीया जोखिम न्युनिकरणको लागि भुकम्प प्रतिरोधी भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।
- विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी स्रोत परिचालन गरिने छ ।
- सामुदायिक वनको लगत तयारी, कार्ययोजना तर्जुमा र स्वीकृत गरि लागु गरिनेछ ।
- वन पैदावार व्यवस्थापन तथा संरक्षणमा जोड दिईनेछ ।
- जैविक विविधता संरक्षणमा जोड दिईनेछ ।
- भू तथा जलाधार क्षेत्रको संरक्षण गरिनेछ ।
- फोहोरमैला व्यवस्थापनमा जोड दिईनेछ ।
- वृक्षारोपण क्षेत्रको पहिचान गरि उपभोक्ता तथा सरोकार निकाय सँग समन्वय गरि वृक्षारोपण गरिने छ ।
- जलवायु अनुकुल योजना निर्माण गरिने छ ।

- वनजंगलको संरक्षण गर्न हरियो वन सुर्मो गाउँपालिकाको धन भन्ने नारालाई आत्मसाथ गर्न पालिका भरिका सम्पूर्ण सामुदायिक वनको संरक्षण गर्न वन उपभोक्ता समितिका पदाधिकारीलाई तालिमको व्यवस्था गरिनेछ ।
- यस आ.व. देखि कार्यान्वयनमा आउने जलाधार कार्यक्रमलाई विगतको बाढी पहिरो विशेष गरि माथिल्लो भूभागबाट पहिरो वगी पालिकाभरी र सदरमुकामलाई समेत क्षति पुऱ्याएकोले पुरै पालिका वडा नं. १ देखि ५ सम्म लागु गराउन पहल गरिने छ ।

### ❖ सुशासन तथा संस्थागत सम्बन्धी नीति तथा कार्यक्रम

- कानुन निर्माण पुनरावलोकनमा विषेश जोड दिईनेछ ।
- संस्थागत स्वंमुल्याङ्कन गरिनेछ ।
- घुम्ती सेवा सञ्चालन तथा सेवा प्रवाहमा एकद्धार प्रणाली कायम गरिनेछ ।
- सदाचार प्रवर्धन र भ्रष्टाचार नियन्त्रणमा जोड दिईनेछ ।
- पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गरि जिम्मेवार बनाईने छ ।
- संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेर कर्मचारी को पदपुर्ति पुर्ण रुपमा वनाईने छ ।
- कर्मचारी को क्षमता विकास, उत्प्रेरणा, प्रोत्साहन को उचित प्रबन्ध गरिने छ ।
- सम्पुर्ण सेवा प्रवाह लाई सुचना प्रविधि मैत्री बनाईने छ ।
- ऐन, नियम, कार्यविधि र मापदण्डहरु निर्माण गरि स्थानीय राजपत्रमा प्रकाशन गरिने छ ।
- स्थानिय तहको सुसानको मापक र स्थानिय संस्थागत क्षमता स्वमुल्याङ्कनको लागि आवश्यक वजेट विनियोजन गरिनेछ ।

### ❖ सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

- आर्थिक रुपले अति विपन्न श्रमिक तथा ज्यालादारी गरी खाने मजदुरलाई श्रममूलक प्रविधिको प्रयोग गरि कार्यान्वयन गरिने आयोजना छनौटमा प्राथमिकता दिइनेछ ।
- अशक्त, असहाय एवं आर्थिक रुपले विपन्न गर्भवती महिला, जेष्ठ नागरिक एवं अपाङ्गता भएका व्यक्तिहरुलाई राहतको कार्यक्रममा जोड दिइनेछ ।
- खानेपानी तथा सरसफाई वितरणमा निर्माण भएका संरचनाहरुको मर्मत सम्भार कोष खडा गरि वितरण व्यवस्थामा सुदृढीकरण गरिने छ ।
- आयआर्जन तथा रोजगारीमुलक कार्यक्रम सञ्चालन ल्याईने छ ।
- वालविवाह र वहुविवाह रोकथाम कार्यक्रम ल्याईने छ ।
- सबै प्रकारका लैङ्गिक, जातिय, छुवाछुत जस्ता विभेदको पूर्ण रुपमा अन्त्य गरिने छ ।
- आर्थिक, सामाजिक, सास्कृतिक र राजनैतिक रुपमा पीछडिएका र अवसरबाट बञ्चित रहेका महिला, वालवालिका र जेष्ठनागरिकको विकासका लागि चरणबद्ध रुपमा चेतना जागरण, क्षमता

विकास एवं सामाजिक परिचालन गर्दै स्थानिय स्तरमा सक्षम र आत्मनिर्भर सामुदायिक संस्थाहरुको निर्माण गरि, ऐन,कार्यविधि वनाई कार्यन्वयनमा ल्याईनेछ ।

### ❖ पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रम

- अति आवश्यक बाहेक कुनै पनि टुक्रे योजनाहरु निरुत्साहित गरिनेछन् ।
- विद्युत उत्पादनमा संघ, प्रदेश सरकार र निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्न नीतिगत र संरचनागत सुधार गरि सार्वजनिक निजि सहकार्यलाई प्रोत्साहन गरिनेछ ।
- सबैका लागि खानेपानी **एक घर एक धारा, जलाधार देखि धारासम्म शुद्धीकरणको कार्यक्रम** सञ्चालन गरिनेछ ।
- खानेपानी योजनाहरु निर्माण नहुने तर निर्माण सम्पन्न भएका आयोजनाहरुको दिगो सञ्चालन तथा व्यवस्थापनमा जटिल समस्या उत्पन्न भई खानेपानी सेवा आंशिक वा पूर्ण रुपमा अवरुद्ध भएको परिपेक्षमा निर्माण सम्पन्न भएका खानेपानी योजना, आयोजनाहरुको व्यावसायिक योजना (**Business Plan**) तयार गरि सेवा प्रदायको संस्थागत क्षमता वृद्धि र खानेपानी सुशासन अभिवृद्धि गर्ने ठोस कार्यक्रम लागु गरिनेछ ।
- पालिका भरिका निर्माणाधिन वा अव उप्रान्त गठित उपभोक्ता समितिहरु योजना सम्म वा तत्पश्चात निष्क्रिय हुन नदिन कम्तिमा योजना, आयोजना तथा कार्यक्रमको अवस्था प्रभावकारीता का आधारमा अनिवार्य मर्मत सम्भार कोष पालिकाको १ जना कर्मचारी सहितको संयुक्त दस्तखतमा आर्थिक कारोवार वर्षौं सम्म गरिने व्यवस्था गरिने छ ।
- आगामी आर्थिक वर्षभित्र सुर्मा गाउँपालिका भरिका प्रत्येक घरधुरीमा बत्ती जडान गरि सक्ने लक्ष्य लिएको छ । राष्ट्रिय प्रशारण लाईन भन्दा धेरै टाढा एक दुई परिवार आर्थिक र भौगोलिक रुपले कठिनाई भएका स्थानहरुमा सोलार बत्ती अनुदानको व्यवस्था गर्नुका साथै मठ, मन्दिर, विद्यालय, सार्वजनिक स्थानहरुमा **सुर्मा अध्यक्ष उज्यालो कार्यक्रम** अन्तर्गत सेन्सर लाईटको व्यवस्था गरिनेछ । व्यक्तिगत रुपमा समेत सेन्सर लाईट राख्न चाहने घरधुरीलाई अनुदान कार्यविधि बनाई बत्ती उपलब्ध गराईनेछ ।
- प्राविधिक सम्बन्धी सफ्टवेयर खरिद गरि तत् सम्बन्धी तालिम आयोजना गरि कर्मचारीको क्षमता अभिवृद्धि गरिनेछ ।
- ईञ्जिनियरिङ सेवाका लागि आधुनिक उपकरण खरिद गरिनेछ ।
- गाउँपालिका भित्र संचालन हुने करिब ६० लाख माथिका योजनाहरुको डि.पि.आर. पश्चात कार्यान्वयन गरिनेछ ।
- आवधिक योजना, सुरक्षित आवास योजना र बस्ति विकास योजना तर्जुमा गरि कार्यान्वयन गरिनेछ ।
- पुर्वाधार निर्माणका लागि आयोजनाहरु सञ्चालन गर्दा लागत, लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने , पिछडिएका र कम

विकसित क्षेत्रलाई मुल प्रवाहीकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरि आयोजना बैंक तयार गरिनेछ । सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिईनेछ ।

- दीर्घकालीन लगानी मार्ग दर्शकका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरि सबै सडकलाई क्रमश स्तरोन्नती गरि ग्राभेल गरिनेछ ।
- गाउँपालिकाले भू उपयोग क्षेत्र निर्धारण गरि बस्ति विकास योजना सहित भौतिक विकास गुरुयोजना तयार गरि वस्ती विकास योजना सहित भौतिक विकास निर्माणका कार्य व्यवस्थित र गुणस्तरीय रुपमा सञ्चालन गरिनेछन् ।
- आवासको हकलाई सुनिश्चित गर्न सुरक्षित तथा रोजगारीको समेत व्यवस्था हुन सक्ने स्थानमा जग्गा प्राप्त गरि सहुलियत आवास योजना कार्यान्वयन गरिने छ । यसका लागि निजी क्षेत्र संग साझेदारी समेत गर्न सकिने छ ।
- एकीकृत शहरी तथा वस्ति विकास योजना द्वारा निर्दिष्ठ गरेको पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदार हरुसँगको सहकार्यलाई निरन्तरता दिइने छ ।
- गाउँपालिकाको विकासमा रुपान्तरण गरि परिवर्तन ल्याउन सक्ने केही ठुला आयोजनाहरु पहिचान गरि गाउँपालिका गौरव आयोजनाका रुपमा क्रमश कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन ।
- विगत देखिका निर्माणाधिन तथा अधुरा आयोजनाहरु सम्पन्न गर्न क्रमागत रुपामा बजेट विनियोजन गरिनेछ ।
- एकीकृत शहरी विकास योजना तर्जुमा गरी अव्यवस्थित बसोबासलाई व्यवस्थित तुल्याउन एकीकृत वस्ती विकास योजना सञ्चालन गरिनेछन् ।
- नेपाल राष्ट्रिय भवन संहिता, २०६०, भवन ऐन, २०६८, वस्ती विकास, शहरी आयोजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड, २०७२, राष्ट्रिय भुउपोग नीति, भवन योजना तथा मापदण्ड २०५६ लगायतका राष्ट्रिय, प्रादेशिक एवं स्थानीय भुमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरि सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- भवन निमार्ण अनुमति प्रक्रियालाई प्रविधिमा आधारित तुल्याई सहजीकरण गरिनेछ ।
- गाउँपालिकाभित्र भु उपयोग नीति क्रमश लागु गर्दै जाने नीति ल्याईनेछ ।
- गाउँपालिकाभित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरि सडक मापदण्डको समस्यालाई समन्वय गरि समाधान गरिने छ ।
- गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

CamScanner

- गाउँपालिकाको सिमा क्षेत्र एकिन गरि गाउँपालिकाको सिमानामा कलात्मक तथा गाउँपालिका ऐतिहासिक मौलिकता झल्काउने गरि स्वागतद्वारको निर्माण गरिने छ।
- निर्माण भएका योजनाहरु बाट १ प्रतिशत मर्मत सम्भार कोष खडा गरि योजनाहरुको मर्मत सम्भार गरिनेछ।
- सडक मापदण्ड तथा नीति नियम निर्माण गरि लागु गरिने छ।
- ठूला तथा गौरवका आयोजनाहरुको सर्वेक्षण कार्यहरु गरि डि.पि.आर. तयार गरिनेछ।
- आवश्यता अनुसार थप वैकल्पिक पदमार्गहरु निर्माण गरिने छन्।
- उपभोक्ता तथा सरोकारवाल निकायहरु सँग सहकार्य र समन्वय गरि योजनाहरु निर्माण गरिने छ
- भवनहरुको नमुना डिजाइन निर्माण गरि कार्यान्वयनमा ल्याइने छ।
- स्थानीय तहमा भएका सिकर्मी , डकर्मी र प्लम्बर हरु लाई थप तालिमको व्यवस्था गरिने छ।
- सार्वजकि जग्गा र भवन को लगत संकलन गरि अतिक्रमण बाट जोगाईनेछ।
- ढल निकार र फाहोरमैला व्यवस्थापन गरिनेछ।
- खेतीयोग्य जमिनको पहिचान गरि कृषिमा चक्लाबन्दी गरिने छ साथै उत्पाद वृद्धिका लागि सतह सिचाई कुलो, सिचाई पोखरी निर्माण गरिनेछ।
- नदि नियन्त्रण, पहिरो नियन्त्रण तथा व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ,
- सञ्चार, नेट तथा इन्टरनेट को लागि नेपाल टेलिकम सँग सहकार्य गरिनेछ।
- सुर्मा गाउँपालिकामा रहेका खोलाहरुमा नागरिकका लागि पायक पर्ने ठाउँमा झोलुङ्गे पुलका लागि सम्बन्धित निकायमा पहल गरिनेछ।

### ❖ उद्योग , पर्यटन तथा संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम

- गाउँपालिका भित्रका पर्यटकीय तथा धार्मिक धरोहरका रुपमा रहेका स्थलहरु सुर्मा सरोवर ताल, सुर्मा देवि मन्दिर सुर्मा , देहताल, सुर्मा देवि मन्दिर घोगाडा तथा सम्भाव्य सम्पुर्ण पर्यटकीय क्षेत्रहरुको संरक्षण, प्रवर्धन गरि प्रचार प्रसार गरिनेछ।
- ऐतिहासिक पर्व विरीजात, भुँवो, भस्सो, लोक बाजा ढाका, देउडा, खेल आदि संस्कृतिलाई जगेर्ना गरि त्यसको प्रचार प्रसारमा जोड दिईनेछ।
- विषेशगरि सुदुरपश्चिम तथा राज्यकै धार्मिक ताथ पर्यटकीय सुर्मा मन्दिर, सुर्मा सरोवर सम्म पदमार्गको निरन्तरता दिइने छ। साथै पालिका भरिका मठमन्दिर र पाटीपौवाको संरक्षण गर्दै र अनुभवी तालिम प्राप्त मुर्तिकारको व्यवस्था गरि युवालाई शिपमुलक तालिम दिई सिपालु बनाई उपयुक्त स्थानहरुमा कलात्मक तथा ऐतिहासिक मुर्तिहरु राखी सजावट गरिनेछ।
- पर्यटकीय तथा धार्मिक क्षेत्रको पहिचान र प्रचार प्रसारको लागि ठाउँ ठाउँमा होर्डिङ बोर्ड को व्यवस्था गरिनेछ।
- मनडोगडी देखि घोगाडा सुर्मा देवि मन्दिर सम्म पर्यटकीय पदमार्गको निर्माण गरिने छ।

खडक बहादुर बोहरा
गाउँपा.लिका अध्यक्ष

- प्रत्येक वडा टोल बस्तीमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रक्रियामा सबै नागरिकको सहज पहुँच पुर्‍याउन शत प्रतिशत घटना दर्ता पालिका बनाईने छ ।

**❖ न्याय, कानुन तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम**

- न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शिघ्र निरुपण गरि प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानुनहरुको प्रबन्ध मिलाईनेछ।
- न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिने छ ।
- सभाबाट हालसम्म निर्माण भएका ऐन कानुनहरुलाई संग्रहित गरि स्थानीय कानुन संग्रह प्रकाशन गरिने छ ।
- मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन का लागि आवश्यक नीति तथा कानुन तर्जुमा गरि कार्यान्वयन गर्ने ।

**❖ अन्य**

- दलित तथा गैर दलित विपन्न समुदायमा परम्परागत रुपमा गरिदै आएका शिपमुलक कार्यक्रमको निरन्तरता दिन विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- गरिब तथा विपन्न परिवारलाई शिपमुलक कार्यक्रमको सुनिश्चितता गरि सहभागी गराईनेछ ।
- विगतका स्थानीय सरकारका निर्णय अनुसार नै दैवि प्रकोप, आगलागि, बाढी पहिरो, दुर्घटनाबाट अशक्त घाइते भएका, मृत्यु भएका, उपचारका लागि अति अशक्त व्यक्ति सरकारबाट निर्धारण गरिएका क्यान्सर पीडित, मृगौला पीडित, स्पाइलन समस्या तथा स्पाइनल कर्ड लगायतका समस्या भएका व्यक्तिहरुलाई मलमपट्टी, सहानुभुति वाफत दिइने आर्थिक सहायता, अस्थायी वसोबास, खाद्यान्न व्यवस्थापन, क्रिया खर्च, औषधी उपचार लाई थप प्रभावकारी ढङ्ग बाट निरन्तरता दिइने छ ।

**अध्यक्ष महोदय,**

अब म आगामी आ.व. २०८१।०८२ को राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत विक्रि सम्बन्धी कानुन तर्जुमा गरि राजश्व परिचालनलाई थप व्यवस्थित बनाईनेछ ।
- आन्तरिक आयका थप स्रोतहरुको सम्भाव्यता अध्ययन र राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तिय हस्तान्तरण तथा गैर सरकारी संस्थाको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार र नेपाल सरकारका निकाय तथा गैर सरकारी संस्था र विकास साझेदारी सँग परामर्श, समन्वय र साझेदारी गरिने छ ।

खडक बहादुर बोहरा
गाउँपालिका अध्यक्ष

CamScanner

- करको दर सम्भव भएसम्म न्युनतम गरि दायरा बढीईनेछ।
- कर प्रशासन, राजश्व, वित्तिय साक्षरता सम्बन्धी जनचेतनामुलक कार्यक्रमको आयोजना गरिनेछ
- पालिकाको आन्तरिक राजश्व अधिवृद्धिका लागि करका नँया सम्भाव्य क्षेत्रहरु पहिचान गरिने छ
- राजश्व संकलन सफ्टवयरमा सबै करदाताको विवरण प्रविष्ट गरिने छ साथै कर्मचारी लाई राजश्व संकलन सम्बन्धी क्षमता अभिवृद्धिका कार्यक्रमको आयोजना गरिने छ।
- राजश्व चुहावट नियन्त्रण र पालिका बासी लाई करको दायरमा ल्याउन आवश्यक कानुनी व्यवस्था गरिनेछ।
- ढुङ्गा, गिट्टी, वालुवा जस्ता नदी जन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय ऐन सम्बन्धी कानुनका कारण उत्पन्न जटिलतालाई मध्यनजर गर्दै वैकल्पिक पद्धतीको रुपमा गाउँपालिका बाट उत्पादन गरि विक्रि गर्ने विधि अवलम्बन गरिने छ।
- करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ठ करदातहरुलाई पुरस्कृत तथा सम्मानित गरिनेछ।
- कर प्रशासन लाई सूचना प्रविधिमैत्री र करदाता मैत्री तुल्याउदै लगिनेछ।
- करदाताको कर लेगतलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा उपयोग गर्न करदातालाई कर सम्बन्धी सूचना प्रवाह गर्न डिजिटल कर प्रणालीलाई थप मजबुत बनाईने छ।
- राजश्व नीति तथा कार्यक्रमहरुको उद्देश्यहरु निम्न बमोजिम प्रस्तुत गरेको छु :-

  (क) करको आधार र दायरालाई फराकिलो बनाउने,

  (ख) सबै आर्थिक क्रियाकलापहरु लाई करको दायरामा ल्याउने,

  (ग) करको संरचना र करका दरहरुमा समय सापेक्ष सुधार गर्ने,

  (घ) कर छली तथा राजश्व चुहावट नियन्त्रण गर्ने,

  (ङ) कर प्रणालीलाई लगानी मैत्री बनाउने,

  (च) एकीकृत सम्पत्ति कर लागु गर्ने,

  (छ) कर्मचारी अभाव हुन नदिई कर प्रशासनलाई प्रभावकारी बनाउने।

**अध्यक्ष महोदय,**

- यस बजेट कार्यान्वयनबाट आर्थिक क्रियाकलाप विस्तार भई गाउँपालिकाको उच्च आर्थिक वृद्धिदर कायम हुने अपेक्षा लिएको छु।
- नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्न मार्गनिर्देश गर्न हुने अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्षहरु ज्यू, कार्यापालिका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु र यस सुर्मा गाउँपालिकाका सम्पूर्ण कर्मचारी प्रति हार्दिक आभार प्रकट गर्दछु।
- यस गाउँपालिकाको विकास र समृद्धिमा सद्भाव र सहयोग पुऱ्याउन हुने सम्पुर्ण गाउँपालिका वासी, करदाता र नागरिक समाज प्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सवैको पूर्ण सहयोग को अपेक्षा गरेको छु।

अनुसुची १

खड्क बहादुर बोहरा
गाउँपालिका अध्यक्ष

- करको दर सम्भव भएसम्म न्युनतम गरि दायरा बढाईनेछ ।
- कर प्रशासन, राजश्व, वित्तिय साक्षरता सम्बन्धी जनचेतनामुलक कार्यक्रमको आयोजना गरिनेछ
- पालिकाको आन्तरिक राजश्व अधिवृद्धिका लागि करका नँया सम्भाव्य क्षेत्रहरु पहिचान गरिने छ
- राजश्व संकलन सफ्टवयरमा सबै करदाताको विवरण प्रविष्ट गरिने छ साथै कर्मचारी लाई राजश्व संकलन सम्बन्धी क्षमता अभिवृद्धिका कार्यक्रमको आयोजना गरिने छ ।
- राजश्व चुहावट नियन्त्रण र पालिका बासी लाई करको दायरमा ल्याउन आवश्यक कानुनी व्यवस्था गरिनेछ ।
- ढुङ्गा, गिट्टी, वालुवा जस्ता नदी जन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय ऐन सम्बन्धी कानुनका कारण उत्पन्न जटिलतालाई मध्यनजर गर्दै वैकल्पिक पद्धतीको रुपमा गाउँपालिका बाट उत्पादन गरि बिक्रि गर्ने विधि अवलम्बन गरिने छ ।
- करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ठ करदातहरुलाई पुरस्कृत तथा सम्मानित गरिनेछ ।
- कर प्रशासन लाई सूचना प्रविधिमैत्री र करदाता मैत्री तुल्याउदै लगिनेछ ।
- करदाताको कर लगतलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा उपयोग गर्न करदातालाई कर सम्बन्धी सूचना प्रवाह गर्न डिजिटल कर प्रणालीलाई थप मजबुत बनाईने छ ।
- राजश्व नीति तथा कार्यक्रमहरुको उद्देश्यहरु निम्न बमोजिम प्रस्तुत गरेको छु :-

(क) करको आधार र दायरालाई फराकिलो बनाउने,

(ख) सबै आर्थिक क्रियाकलापहरु लाई करको दायरामा ल्याउने,

(ग) करको संरचना र करका दरहरुमा समय सापेक्ष सुधार गर्ने,

(घ) कर छली तथा राजश्व चुहावट नियन्त्रण गर्ने,

(ङ) कर प्रणालीलाई लगानी मैत्री बनाउने,

(च) एकीकृत सम्पत्ति कर लागु गर्ने,

(छ) कर्मचारी अभाव हुन नदिई कर प्रशासनलाई प्रभावकारी बनाउने ।

अध्यक्ष महोदय,

- यस बजेट कार्यान्वयनबाट आर्थिक क्रियाकलाप विस्तार भई गाउँपालिकाको उच्च आर्थिक वृद्धिदर कायम हुने अपेक्षा लिएको छ ।
- नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्न मार्गनिर्देश गर्न हुने अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्षहरु ज्यू, कार्यापालिका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु र यस सुर्मा गाउँपालिकाका सम्पूर्ण कर्मचारी प्रति हार्दिक आभार प्रकट गर्दछु ।
- यस गाउँपालिकाको विकास र समृद्धिमा सद्भाव र सहयोग पुऱ्याउन हुने सम्पुर्ण गाउँपालिका बासी, करदाता र नागरिक समाज प्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सवैको पूर्ण सहयोग को अपेक्षा गरेको छु ।

खड्क बहादुर बोहरा
गाउँपालिका अध्यक्ष

Surma Rural Municipality
Office of the rural municipal executive
Deulichaur, Bajhang
Sudurpaschim Province, Nepal

## अनुसुची १

### आ.व. २०८०/०८१ को यथार्थ र २०८१/०८२ को अनुमानित आयब्यय को विवरण

| शिर्षक | आ.व. २०८०/०८१ को यथार्थ | आ.व. २०८१/०८२ को अनुमान |
|---|---|---|
| आय | | |
| राजश्व | | |
| आन्तरीक राजश्व | १२ लाख ४९ हजार रुपैया मात्र । | १८ लाख १५ हजार रुपैया मात्र । |
| **राजश्व बाँडफाँडबाट प्राप्त रकम** | | |
| नेपाल सरकारबाट प्राप्त | ४ करोड ६२ लाख ५ हजार पाँच सय त्रिरासी रुपैयाँ मात्र । | ७ करोड ४१ लाख रुपैया मात्र । |
| प्रदेश सरकारबाट प्राप्त | १ लाख पचास हजार रुपैयाँ मात्र । | १३ लाख ३९ हजार रुपैया मात्र । |
| **समपुरक अनुदान** | | |
| नेपाल सरकारबाट अपेक्षित | १ करोड रुपैयाँ मात्र | ० |
| प्रदेश सरकारबाट अपेक्षित | ७४ लाख ५ हजार रुपैयाँ मात्र | ० |
| **वित्तिय समानिकरण अनुदान** | | |
| नेपाल सरकारबाट | ५ करोड ३८ लाख ३ हजार ८ सय साठी रुपैयाँ मात्र । | ७ करोड ४६ लाख रुपैयाँ मात्र । |
| प्रदेश सरकारबाट | ४१ लाख ८८ हजार ६ सय ९७ रुपैया मात्र । | ६१ लाख २२ हजार रुपैयाँ मात्र । |
| **ससर्त अनुदान** | | |
| नेपाल सरकारबाट | ९ करोड ६३ लाख ६३ हजार ८ सय असी रुपैयाँ मात्र । | १० करोड ८७ लाख ८८ हजार रुपैयाँ मात्र । |
| प्रदेश सरकारबाट | १ करोड ८ लाख ५० हजार रुपैयाँ मात्र । | ० |
| संघ विषेश | | ५० लाख रुपैयाँ मात्र । |
| अन्य वैक मौजात | १ करोड ६१ लाख २७ हजार १ सय ८८ रुपैयाँ मात्र । | |
| सामाजिक सुरक्षा कार्यक्रम | | ० |
| कुल आय | २४ करोड ६३ लाख ७३ हजार २ सय आठ रुपैयाँ मात्र । | २७ करोड २७ लाख ६४ हजार रुपैयाँ मात्र । |

खड्क बहादुर बोहरा
गाउँपालिका अध्यक्ष